# पिपुल्स् हाइड्रोपावर कम्पनी लिमिटेड

## Peoples Hydropower Company Limited

(Super Dordi Hydropower Project 'Kha'-54 MW.)


Ref. No. : ०८०/०८१ च.नं. २८६

मिति : २०८०/१२/०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय :जानकारी सम्वन्धमा ।**

यस कम्पनीको मिति २०८०/१२/०७ गते दिनको ५:३० बजे बसेको संचालक समितिको निर्णय अनुसार मिति २०८०/१२/३० गते शुक्रबार १६ औं वार्षिक साधारण सभा गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराउँदै सो सम्वन्धी सार्वजनिक सूचनाको प्रति समेत संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

..........................
केशव बहादुर रायमाझी
प्रवन्ध संचालक

# पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड

बुद्धनगर, काठमाडौं

## १६ औं (आ.व. २०७९/०८०) वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०८**

मिति २०८०/१२/०७ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेडको १६ औं (आ.व.२०७९/०८०) वार्षिक सधारणसभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितिको लागि अनुरोध गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८०/१२/३० शुक्रबार

**समय** : दिनको ११:०० बजे (दर्ता किताब बिहान १० बजे देखि खुल्ला रहने छ ।)

**स्थान** : क्वालिटि बैंकेट,वुद्धनगर, काठमाण्डौ ।

**(क) सामान्य प्रस्तावः**

१) अध्यक्षज्यूबाट प्रस्तुत संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तको वित्तीय विवरण (वासलात, नाफा । नोक्सान हिसाव, नगद प्रवाह विवरण र शेयर पूँजीमा भएको परिवर्तन लगायत अन्य अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३) आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) सस्थापक शेयरधनी तर्फका ५ जना संचालकको निर्वाचन गर्ने ।

५) विविध ।

**(ख) विशेष प्रस्ताव ।**

१) २:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

२) अधिकृत र जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

३) प्रवन्ध पत्रको दफा ६ मा आवस्यक संशोधन गर्ने सम्बन्धमा ।

४) नियमावलीको नियम २७(२) तथा ३१ (क) र (ग) संशोधन गर्ने सम्बन्धमा ।

५) उपरोक्त प्रस्तावहरु स्वीकृति एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि विषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१) मिति : २०८०/१२/३०मा हुने बार्षिक साधारणसभा प्रयोजनका लागि मिति : २०८०/१२/१५ गतेलाई बुक क्लोज मिति तोकिएको कुरा समेत सम्बन्धित सवैलाई यसै सूचनाद्वारा सूचित गरिएको छ ।

२) सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभाबहरुले आफ्नो परिचय खुल्ने कागजात साथमा लिएर आउनुहुन अनुरोध गरिन्छ ।

३) प्रतिनिधि नियुक्त हुने ब्यक्तिले सभा सुरु हुनुभन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाडौंमा वा कम्पनीको इमेल (peoples.hydro5@gmail.com) मार्फत बुझाई सक्नु पर्नेछ ।

४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) बदर हुनेछ । तर प्रतिनिधिपत्र (प्रोक्सी) दिने शेयरधनीले आँफुले अगाडि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको ब्यहोरा स्पस्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।

५) प्रतिनिधि मुकरर गर्दा आंशिक रुपमा मुकरर गर्न पाईने छैन ।

६) विविध शिर्षक अन्तर्गत शेयरधनी महानुभावहरुले कुनै विषयमा छलफल गर्नु पर्ने भएमा सभा हुनुभन्दा ७ (सात) दिन अगावै लिखित रुपमा अध्यक्षलाई सम्वोधन गरी रजिष्टर्ड कार्यालय, बुद्धनगर काठमाडौंमा छलफलको विषय दर्ता गर्नु पर्नेछ ।

७) संचालकको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृतको तर्फबाट मिति २०८०/१२/२३ मा निर्बाचन कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगरको सूचना पाटिमा सूचना टाँस गरिने हुँदा सम्बन्धित सवैमा सो बिषयमा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

८) अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय बुद्धनगर काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**फो.नं. ०१-४७९५७४५**